# आ. व.२०८२/८३ को प्रथम तीन महिना (श्रावण-आश्वीन) अवधिको नेपालको वैदेशिक व्यापार वस्तुस्थिति

व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको प्रारम्भिक तथ्याँक अनुसार आ.व. २०८२/८३ को प्रथम तीन महीना (श्रावण-आश्वीन) को अवधिमा नेपालको कुल वैदेशिक व्यापार अघिल्लो वर्षको सोही अवधिको तुलनामा २६.०४ प्रतिशतले वृद्धि भई रु. ५४०.८७ अर्व पुगेको छ । कुल व्यापारमा निकासी तथा पैठारीको योगदान क्रमशः १३.५ प्रतिशत र ८६.५ प्रतिशत रहेको छ ।

समीक्षा अवधिमा नेपालको कुल निकासी ८९.६४ प्रतिशतले वृद्धि भई रु ७२.७८ अर्व पुगेको छ भने कुल पैठारी १९.७९ प्रतिशतले वृद्धि भई रु. ४६८.०८ अर्व पुगेको छ ।

आ.व. २०८२/८३ का प्रथम तीन महीना (श्रावण-आश्वीन्र) को अवधिमा निकासी– पैठारी व्यापारको अनुपात १:१०.२ रहेकोमा आ.व. २०८२/८३ को सोही अवधिमा निकासी– पैठारी व्यापारको अनुपात १:६.४ रहन आएको छ ।

उक्त अवधिमा नेपालबाट निकासी भएका प्रमुख वस्तुहरुमा सोयाविन तेल, यार्न, ऊनी गलैंचा, तयारी पोशाक, पामतेल, सूर्यमुखी तेल, जुट तथा जुटका सामानहरु, उनी फेल्टका उत्पादन, जुस,, चिया, फलाम तथा फलामका उत्पादनहरु, प्लाईउड,, अलैंची, पशिमना शल, पिना, चाऊचाऊ, जुत्ता चप्पल, कत्था, सिमेन्ट, कपडा, कुकुर विरालाका आहारा, जडीबुटी र नेपाली हातेकागज प्रमुख रुपमा रहेका छन् ।

समीक्षा अवधिमा फलाम तथा तिनका उत्पादनको निर्यातमा ७०.१४ प्रतिशतले ह्रास आई १ अर्ब ३६ लाखमा सीमित भएको छ । समीक्षा अवधिमा यार्नको निर्यातमा ४.५१ प्रतिशतले वृद्धि भई रु. ३ अर्ब ४१ करोड पुगेको छ । ऊनी गलैंचाको निर्यातमा समीक्षा अवधिमा ९.७६ प्रतिशतले ह्रास आई रु. २ अर्ब ५८ करोडमा सीमित भएको छ । तयारी पोशाकको निर्यातमा समीक्षा अवधिमा १०.७५ प्रतिशतले ह्रास आई रु. २ अर्ब ५१ करोडमा सीमित भएको छ । प्लाईऊडको निर्यातमा ६४.१४ प्रतिशतले ह्रास आई रु ७७ करोड १४ लाखमा सीमित भएको छ । समीक्षा अवधिमा जुट तथा जुटका उत्पादनको निर्यातमा ५६.४२ प्रतिशतले वृद्धि भई रु. २ अर्ब ७५ करोड पुगेको छ । यसै गरी अर्को प्रमुख निर्यातजन्य ऊनी फेल्टको निकासीमा समीक्षा अवधिमा ५.९१ प्रतिशतले वृद्धि भई रु १ अर्ब ७८ करोड पुगेको छ । समीक्षा अवधिमा जुसको निकासीमा १६.४३ प्रतिशतले वृद्धि भई रु. २ अर्ब ७ करोड पुगेको छ ।

समीक्षा अवधिमा सोयाबिन तेलको निर्यातमा भारी वृद्धि भई रु ३० अर्ब ७० करोड पुगेको छ । यसै गरी पामतेलको निर्यातमा पनि भारी वृद्धि भई रु १ अर्ब ९२ करोड पुगेको छ । यस अवधिमा सूर्यमुखी तेलको निकासीमा समेत भारी वृद्धि भई रु. २ अर्ब १४ करोड पुगेको छ । यी तीनवटा वस्तुको नेपालको श्रावण-आश्वीन महिना अवधिको कुल निकासीमा ४७.७ प्रतिशत योगदान रहेको छ ।

कृषिजन्य वस्तुको निर्यातमा अग्रणी स्थान हासिल गरिरहेको उत्पादन अलैंचीको निर्यातमा समीक्षा ३३.०५ प्रतिशतले वृद्धि भई १ अर्ब ६८ करोड पुगेको छ । यसै गरी कृषिजन्य वस्तुको निर्यातमा अग्रणी स्थान हासिल गरिरहेको अर्को उत्पादन चियाको निर्यात समीक्षा अवधिमा ४०.५७ प्रतिशतले ह्रास आई रु १ अर्ब ११ करोड सीमित भएको छ । यसै गरी समीक्षा अवधिमा अदुवाको निर्यात २३.२४ ले ह्रास आई रु. १८ करोड ७ लाखमा सीमित भएको छ । पीना ( आयलकेक) को निर्यात १५.८८ प्रतिशतले ह्रास आई रु ८० करोड ४९ लाखमा सीमित भएको छ ।

नेपालको निकासी व्यापारमा प्रमुख स्थान आगट्ने भारततर्फको निर्यातमा समीक्षा अवधिमा १३७.८५ प्रतिशतले वृद्धि भई रु ५९ अर्ब १३ करोड पुगेको छ । नेपालको कुल निकासीमा अघिल्लो आर्थिक वर्षको सोही अवधिमा भारततर्फको हिस्सा ६४.७७ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षका सो हिस्सा ८१.२४ प्रतिशत पुगेको छ । नेपालको निर्यात व्यापारमा अन्य महत्वपूर्ण गन्तव्यहरुमा संयुक्त राज्य अमेरिका, जर्मनी, युके, युएई, जापान, फ्रान्स, अष्ट्रेलिया, इटाली, नेदरलेण्ड्स, क्यानडा, डेनमार्क, चीन तथा भुटान प्रमुख रुपमा रहेका छन् ।

पैठारीतर्फ समग्रमा आ.व. २०८२/८३ को प्रथम तीन महीना अवधिमा अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा पेट्रोलियम पदार्थको आयातमा २.५७ प्रतिशतले ह्रास आई रु. ५८.८४ अर्बमा सीमित भएको छ । समीक्षा अवधिमा फलाम तथा स्टील र तिनका उत्पादनहरुको आयातमा ४.६१ प्रतिशतले वृद्धि भई रु. ३९.७३ अर्ब पुगेको छ । मशिनरी तथा पार्ट्सको आयातमा १४.७० प्रतिशतले वृद्धि भई रु. ३२.०७ अर्ब पुगेको छ । कच्चा भटमास तेलको आयातमा भारी वृद्धि भई रु. ३०.२५ अर्ब पुगेको छ । समीक्षा अवधिमा औषधीको आयातमा ७.३६ प्रतिशतले वृद्धि भई रु. १०.९६ अर्ब पुगेको छ ।

यसैगरी इलेक्ट्रिक र इलेक्ट्रोनिक सामाग्रीहरुको आयातमा १३.९५ प्रतिशतले वृद्धि भई रु. १७.९१ अर्ब पुगेको छ । यातायातका साधन र तिनका पार्टपुर्जाको आयातमा १६.२७ प्रतिशतले वृद्धि भई रु. २९.३४ अर्ब पुगेको छ । कच्चा पाम तेलको आयातमा १५२.११ प्रतिशतले वृद्धि भई रु. ३.०७ अर्ब पुगेको छ । अन्नको आयातमा ७८.९६ प्रतिशतले वृद्धि भई रु १२.४८ अर्ब पुगेको छ । समीक्षा अवधिमा तयारी पोशाकको आयातमा १०.६६ प्रतिशतले वृद्धि भई

१३.०१ अर्ब पुगेको छ ।  दुरसञ्चारका सामाग्रीको आयातमा ३६.६८ प्रतिशतले वृद्धि भई रु १६.२२ अर्ब पुगेको भएको छ ।  सुनको आयातमा यस अवधिमा ४७८.४३ प्रतिशतले वृद्धि भई रु १०.६६ अर्ब पुगेको छ ।

नेपालको पैठारी व्यापारमा प्रमुख मुलुकहरुमा भारत, चीन, अर्जेण्टिना, युएई, संयुक्त राज्य अमेरिका, इण्डोनेशिया, ब्राजील, थाइलेण्ड, मलेशिया, कतार, जापान,  अष्ट्रेलिया, क्यानडा  र बँगलादेश प्रमुख रुपमा रहेका छन् ।

चालु आर्थिक वर्ष २०८२/८३ प्रथम तीन महिना अवधिमा अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा निकासी र पैठारी दुवैतर्फ वृद्धि भएको हुँदा  व्यापारघाटा बढेर गएको छ । यस अवधिमा व्यापारघाटामा १२.१८ प्रतिशतले वृद्धि भई कुल व्यापारघाटा रु. ३९५.३० अर्व पुगेको छ ।